# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, माघ २१ गते, २०८१ साल (संख्या ५२

## भाग ३

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

### सूचना

**पर्वतारोहण सम्बन्धी (छैठौं संशोधन) नियमावली, २०८१**

पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यी नियमहरुको नाम "पर्वतारोहण सम्बन्धी (छैठौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम २ मा संशोधन</u>**ः पर्वतारोहण नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका तथा उपमहानगरपालिकालाई समेत जनाउँछ।"

**३.** **<u>मूल नियमावलीको नियम ३ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ३ को उपनियम (२क) को खण्ड (ख) को अन्त्यमा रहेको ", वा" भन्ने शब्द र खण्ड (ग) झिकिएका छन्।

**४.** **<u>मूल नियमावलीको नियम ५ मा संशोधन</u>**ः मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छः-

"(४) उपनियम (२) बमोजिम पर्वतारोहण अभियान पछि सारेकोमा नेपाल सरकारले यस नियमावली बमोजिमको सलामी रकम बढाएको कारणले नियम ४ बमोजिम बुझाउनु पर्ने सलामी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम अपुग हुने भएमा त्यस्तो अपुग रकम पर्वतारोही दलले थप गर्नु पर्नेछ।"

५. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को,-

(१) खण्ड (क१) को सट्टा देहायको खण्ड (क१) राखिएको छः-

"(क१) आठ हजार मिटरभन्दा बढी उचाइ भएको हिमालचुली आरोहणको लागि जाँदा पर्वतारोही दलका प्रत्येक दुई जना सदस्यको साथमा कम्तीमा एकजना उचाइमा जाने कामदार वा पर्वतीय पथ प्रदर्शक र सो बाहेकका अन्य हिमालचुली आरोहणको लागि जाँदा पर्वतारोही दलले कम्तीमा एकजना पर्वतीय पथ प्रदर्शक लिई जानु पर्ने,"

(२) खण्ड (ठ) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर,-

(१) हिमालचुलीको कुनै खण्डबाट प्याराग्लाइडिङ सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमति प्रदान गरिएको भएमा पर्वतारोही दलको कुनै सदस्यले हिमालचुली आरोहण गरी फर्कंदा त्यस्तो प्याराग्लाइडिङ मार्फत फर्कन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

(२) पर्वतारोहीको आपतकालीन उद्धारको लागि हेलिकोप्टर, हवाइजहाज वा बेलुनको प्रयोग गर्न सकिनेछ।"

(३) खण्ड (ड) पछि देहायको खण्ड (ढ) थपिएको छः-

"(ढ) पर्वतारोहणको लागि प्रस्थान गर्नुअघि आधार शिविरबाट प्रस्थान गर्ने, हिमालचुलीमा पुग्ने र हिमालचुलीबाट आधार शिविर फर्कने अनुमानित समय तथा आरोहण मार्गको विवरण सम्पर्क अधिकृतलाई उपलब्ध गराउनु पर्ने।"

६. **<u>मूल नियमावलीको नियम ६क. मा संशोधन</u>** : मूल नियमावलीको नियम ६क. को सट्टा देहायको नियम ६क. राखिएको छः-

"**६क. <u>प्रतिनिधिको काम र कर्तव्यः</u>** (१) ऐनको दफा २६ बमोजिम नियुक्त पर्वतारोही दलको प्रतिनिधिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) पर्वतारोहणको लागि आवश्यक पर्ने कामदार उपलब्ध गराउन, निजहरुको बीमा र स्वास्थ्य परीक्षण गराउन, पर्वतारोही दलले दिनुपर्ने दरखास्त लगायतका कागजात तयार पार्न, पर्वतारोही दलले बुझाउनु पर्ने सलामी रकम वा अन्य रकम बुझाउन, ब्रिफिङ र डिब्रिफिङ गर्न पर्वतारोही दललाई सहजीकरण र सहयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) पर्वतारोही दलका सदस्य, सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथ प्रदर्शक, उचाइमा जाने कामदार, स्थानीय कामदार र आधार शिविरका कामदारको वैयक्तिक विवरण तथा पर्वतारोहण सम्बन्धी विस्तृत विवरण अद्यावधिक गरी राख्ने र विभागले मागेका बखत त्यस्तो विवरण तुरुन्त उपलब्ध गराउने,

(ग) आपतकालीन खोज तथा उद्धार गर्नको लागि आवश्यक प्राविधिक उपकरण सहितको पूर्वतयारी गरी सोको जानकारी विभागमा दिने,

(घ) सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथ प्रदर्शक, उचाइमा जाने कामदार, स्थानीय कामदार वा आधार शिविरका कामदार दुर्घटनामा परेमा, बेपत्ता भएमा, बिरामी परेमा वा मृत्यु भएमा त्यस्तो व्यक्तिको आपतकालीन खोज तथा उद्धार गर्ने व्यवस्था मिलाउने,

(ङ) खण्ड (घ) बमोजिम उद्धार गर्नु परेमा त्यसरी उद्धार गरेको जानकारी तुरुन्त विभागलाई दिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

(२) यस नियम बमोजिम आपतकालीन खोज तथा उद्धार गर्न विभागले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नेछ।"

७. **<u>मूल नियमावलीको नियम ८ मा संशोधनः</u>** मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (२) को,-

(क) खण्ड (क) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर उपनियम (१) को खण्ड (ग) बमोजिमको व्यक्तिको हकमा पर्वतारोहण सम्बन्धी आधारभूत प्रशिक्षण आवश्यक पर्ने छैन।"

(ख) खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कम्तीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेको" भन्ने शब्दहरुको सट्टा "साधारण लेखपढ गर्न जान्ने" भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (घ) मा रहेको "वा अन्य" भन्ने शब्दहरू झिकिएका छन् ।

८. **<u>मूल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को,-

(१) खण्ड (च) मा रहेका "स्थानीय निकायको" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्:-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

"(ङ१) पर्वतारोही दलका सदस्य वा अन्य व्यक्तिले प्रचलित कानून विपरीतको काम गरेमा वा गर्न प्रयास गरेमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने,

(ङ२) पर्वतारोही दलका सदस्य, सरदार, पर्वतीय पथ प्रदर्शक, उचाइमा जाने कामदार, आधार शिविरका कामदार र स्थानीय कामदार बाहेक अन्य व्यक्तिलाई आधार शिविरमा राख्न नदिने।

तर विभागको पूर्वस्वीकृति लिई पर्वतारोही दलका सदस्यको परिवारको सदस्यलाई बढीमा दुई रात आधार शिविरमा राख्न सकिनेछ।

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि "परिवारको सदस्य" भन्नाले पति, पत्नी, बाबु, आमा, छोरा वा छोरी सम्झनु पर्छ।"

९. **<u>मूल नियमावलीको नियम १३ मा संशोधन</u>:** मूल नियमावलीको नियम १३ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) अनुमति प्रदान गर्दाका बखत स्वीकृत गरेको सामग्री बाहेक अन्य सामग्री आधार शिविरभन्दा माथि लैजान नदिने,"

१०. **<u>मूल नियमावलीको नियम १९ मा संशोधन</u>:** मूल नियमावलीको नियम १९ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

(१) उपनियम (१) को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन्:-

"(ख) सरदार, पर्वतीय पथ प्रदर्शक र उचाइमा जाने कामदार प्रत्येकका लागि बिस लाख रुपैयाँ,

(ग) आधार शिविरका कामदार प्रत्येकका लागि पन्ध्र लाख रुपैयाँ।"

**११.** **मूल नियमावलीमा नियम २२क. थपः** मूल नियमावलीको नियम २२ पछि देहायको नियम २२क. थपिएको छः-

"**२२क.** **पर्वतारोही दलको नेता**: (१) नियम ३ बमोजिम पर्वतारोहणको अनुमतिको लागि दरखास्त दिँदाका बखत पर्वतारोही दलले त्यसका सदस्यमध्येबाट एक जना पर्वतारोही दलको नेताको नाम प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित ट्रेकिङ्ग एजेन्सी वा पर्वतारोहण सम्बन्धी व्यवस्था मिलाउने संस्थाको सिफारिसमा सरदारले देहायको अवस्थामा पर्वतारोही दलको नेताको रुपमा काम गर्न सक्नेछः-

(क) पर्वतारोही दलको नेता बेपत्ता भएमा,

(ख) पर्वतारोही दलको नेता गम्भीर रुपमा अशक्त भई पर्वतारोहण गर्न वा नियम २३ बमोजिमको दायित्व र जिम्मेवारी पूरा गर्न नसक्ने भएमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) पर्वतारोही दलको नेताले पर्वतारोहण परित्याग गरेमा,

(घ) पर्वतारोही दलको नेताको मृत्यु भएमा।

(३) उपनियम (२) बमोजिम सरदारलाई पर्वतारोही दलको नेता तोकिएको अवस्थामा नियम २३ को खण्ड (ख) बमोजिमको दायित्व पूरा गर्न त्यस्तो नेता व्यक्तिगत रुपमा जिम्मेवार हुने छैन र पर्वतारोही दलको नेताले ऐन तथा यस नियमावली बमोजिम कुनै छुट वा सुविधा पाउने रहेछ भने त्यस्तो छुट वा सुविधा समेत पाउने छैन।"

**१२. मूल नियमावलीमा नियम २३क. थप:** मूल नियमावलीको नियम २३ पछि देहायको नियम २३क. थपिएको छः-

"**२३क. वैदेशिक सम्बन्ध र पर्वतारोहण सम्बन्धी काममा असर पार्न नहुने:** (१) पर्वतारोही दल, सरदार, पर्वतीय पथ प्रदर्शक, उचाइमा जाने कामदार, आधार शिविरका कामदार, स्थानीय कामदार र पर्वतारोही दलको प्रतिनिधिले नेपाल र अन्य राष्ट्रको सुरक्षा, प्रतिष्ठा र आपसी वैदेशिक सम्बन्धमा खलल पुऱ्याउने वा अन्य पर्वतारोही दलको पर्वतारोहण सम्बन्धी काममा अवरोध पुऱ्याउने कुनै काम गर्नु हुदैन।

(२) कसैले उपनियम (१) विपरीत काम गरेमा वा गर्ने प्रयास गरेमा पर्वतारोही दलको नेता, सरदार र सम्पर्क अधिकृतले त्यस्तो काम रोक्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CS CamScanner

प्रयास गर्नु पर्नेछ र सो सम्बन्धी जानकारी यथाशीघ्र विभागमा तथा सम्बद्ध निकायमा दिनु पर्नेछ।"

**१३. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u>** मूल नियमावलीको नियम २७ को,-

(१) उपनियम (३) मा रहेका "स्थानीय निकाय" भन्ने शव्दहरुको सट्टा "स्थानीय तह" भन्ने शव्दहरु राखिएका छन्।

(२) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः-

"(३क) आधार शिविरभन्दा माथि दिसा पिसाबको व्यवस्थापनका लागि पर्वतारोही दलका सदस्यले जैविक रुपमा नष्ट हुने शौच थैली (बायोडिग्रेडेबल पुप व्याग) को प्रयोग गर्नु पर्नेछ र त्यस्तो शौच थैली उपनियम (३) बमोजिम नष्ट गर्नु वा पुर्नु पर्नेछ।"

(३) उपनियम (५) पछि देहायको उपनियम (६) थपिएको छः-

"(६) आधार शिविरभन्दा माथिको फोहरमैला वा मृत शरीर व्यवस्थापनको लागि विभागले कुनै संस्थाका कामदारलाई आधार शिविरभन्दा माथि अन्तिम शिविरसम्म जाने अनुमति दिन सक्नेछ। त्यस्तो कामदार हिमालचुलीको अन्तिम शिविरभन्दा माथि जान पाउने छैन।"

**१४. <u>मूल नियमावलीको नियम २८ मा संशोधनः</u>** मूल नियमावलीको नियम २८ को उपनियम (१) को खण्ड (ग) मा रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

"पैंतालिस दिन" भन्ने शब्दहरुको सट्टा "पचपन्न दिन" भन्ने शब्दहरु राखिएका छन्।

**१५. <u>मूल नियमावलीको नियम ३२ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३२ को,-

खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा रहेका हिमालचुली,"

**१६. <u>मूल नियमावलीको नियम ३३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३३ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) वा (२) बमोजिम प्रमाणपत्र प्राप्त गर्नको लागि पर्वतारोही दलको सम्पर्क अधिकृत, त्यस्तो दलको नेता र सम्बन्धित ट्रेकिङ्ग एजेन्सी वा पर्वतारोहण सम्बन्धी व्यवस्था मिलाउने संस्थाले देहायको कागजात तथा विवरण मन्त्रालयमा पेस गर्नु पर्नेछः-

(क) पर्वतारोहण गरेको प्रमाणित गर्ने कागजात,

(ख) पृष्ठभूमिमा सम्बन्धित हिमालचुली देखिने गरी खिचिएको पर्वतारोहीको मुखाकृति स्पष्ट देखिने सक्कल तस्बिर,

(ग) प्रमाणपत्र प्राप्त गर्न चाहने पर्वतारोही दलको सदस्य, सरदार,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

पर्वतीय पथ प्रदर्शक वा उचाइमा जाने कामदारले सफलतापूर्वक पर्वतारोहण गरेको भनी गरेको स्वघोषणा,

तर नियम २२क. को उपनियम (२) बमोजिमको अवस्थाको कारणले त्यस्तो कागजात वा विवरण पेस गर्न पर्वतारोही दलको नेता असमर्थ भएमा सम्बन्धित पर्वतारोहण सम्बन्धी व्यवस्था मिलाउने संस्थाको सिफारिसमा हिमालचुलीको दोस्रो शिविर वा सोभन्दा माथिको शिविरको सरदारले त्यस्तो कागजात वा प्रमाण सम्पर्क अधिकृतबाट प्रमाणित गराइ पेस गर्न सक्नेछ।"

**१७. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः-</u>** मूल नियमावलीको,-

(१) अनुसूची-१ को,-

(क) क्रमसङ्ख्या १५ पछि देहायका क्रमसङ्ख्या १५क., १५ख. र १५ग. थपिएका छन्:-

"१५क. आधार शिविरभन्दा माथि लैजाने मालसामानको सङ्ख्या र अन्दाजी वजनः

१५ख. आधार शिविरमा बसोबासको लागि निर्माण गरिने संरचनाको क्षमता, सङ्ख्या र त्यस्तो संरचनाले ओगट्ने क्षेत्रफलः

१५ग. नयाँ कीर्तिमान राख्ने उद्देश्यले पर्वतारोहण गर्ने भएमा सोको विवरणः"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

(ख) अन्त्यमा दरखास्तसाथ पेश गर्नु पर्ने कागजात अन्तर्गत रहेका "हिमालचुली रहेको इलाकाको नक्सा" भन्ने शब्दहरुको सट्टा देहायका शब्दहरु राखिएका छन्:-

"(क) हिमालचुली रहेको इलाकाको नक्सा,

(ख) बीमा सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि।"

(२) अनुसूची-२ को,-

क्रमसङ्ख्या १० पछि देहायको क्रमसङ्ख्या ११ थपिएको छः-

"११. आधार शिविरभन्दा माथि लैजान स्वीकृत मालसामानको विवरणः"

(३) अनुसूची- ४ को सट्टा यसैसाथ संलग्न अनुसूची – ४ राखिएको छ।

(४) अनुसूची-५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) दैनिक भत्ता एक हजार छ सय रुपैयाँ,"

(५) अनुसूची-६ को,-

(क) खण्ड (क) को क्रमसङ्ख्या (१) को सट्टा देहायको क्रमसङ्ख्या (१) राखिएको छः-

"(१) दैनिक भत्ताः-

(क) सरदारलाई दैनिक एक हजार पाँच सय रुपैयाँ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

(ख) पर्वतीय पथ प्रदर्शक र उचाइमा जाने कामदारलाई दैनिक एक हजार दुई सय रुपैयाँ,

(ग) आधार शिविरका कामदारलाई दैनिक एक हजार रुपैयाँ,"

(ख) खण्ड (ख) को क्रमसङ्ख्या (१) को सट्टा देहायको क्रमसङ्ख्या (१) राखिएको छः-

"(१) ३,७०० मिटरसम्मको उचाइमा जाने कामदारलाई दैनिक आठ सय रुपैयाँ र सोभन्दा माथिको उचाइमा जाने कामदारलाई दैनिक एक हजार रुपैयाँ,"

(६) अनुसूची-७ को ठाउँ ठाउँमा रहेका,-

(क) "अञ्चल" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द,

(ख) "गा.वि.स./न.पा." भन्ने शब्दको सट्टा "गाउँपालिका/ नगरपालिका" भन्ने शब्दहरु राखिएक छन् ।

(७) अनुसूची-८ मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

**१८. <u>खारेजी</u> :** मूल नियमावलीको नियम ५क. खारेज गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

"अनुसूची- ४

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

पर्वतारोहणको सलामी रकम

(१) देहाय बमोजिमका उचाइका हिमालचुली आरोहण गर्ने विदेशी पर्वतारोही दलले सो दलमा संलग्न प्रत्येक सदस्यका लागि देहायको ऋतुको निमित्त देहायको अमेरिकी डलरको दरले सलामी रकम बुझाउनु पर्नेछ :-

| क्र. सं. | हिमालचुली | बसन्त ऋतु | शरद ऋतु | शिशिर र वर्षा ऋतु |
|---|---|---|---|---|
| १ | सगरमाथा (दक्षिण पूर्वी धार) नर्मल रुट | १५,००० | ७,५०० | ३,७५० |
| २ | सगरमाथा (दक्षिण पूर्वी धार बाहेक) | १०,००० | ५,००० | २,५०० |
| ३ | सगरमाथा बाहेक ८,००० मिटर र सोभन्दा बढी उचाइ भएका अन्य हिमालचुली | ३,००० | १,५०० | ७५० |
| ४ | मनासलु हिमालचुली | १,५०० | ३,००० | १,५०० |
| ५ | ७,५०१ मिटरदेखि ८,००० मिटरसम्म उचाइ भएका हिमालचुली | १,००० | ५०० | २५० |
| ६ | ७,००१ मिटरदेखि ७,५०० मिटरसम्म उचाइ भएका हिमालचुली | ८०० | ४०० | २०० |
| ७ | ६,५०१ मिटरदेखि ७,००० मिटरसम्म उचाइ भएका हिमालचुली | ५०० | २५० | २०० |
| ८ | आमादब्लम हिमालचुली | १,००० | १,००० | ५०० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९ | ६,५०० मिटर वा सोभन्दा कम उचाइ भएका हिमालचुली | ३५० | १७५ | १७५ |

(२) देहाय बमोजिमका उचाइका हिमालचुली आरोहण गर्ने नेपाली पर्वतारोही दलले सो दलमा संलग्न प्रत्येक सदस्यका लागि देहायको ऋतुको निमित्त देहायको नेपाली रुपैयाँको दरले सलामी रकम बुझाउनु पर्नेछः-

| क्र. सं. | हिमालचुली | बसन्त ऋतु | शरद ऋतु | शिशिर र वर्षा ऋतु |
|---|---|---|---|---|
| १ | सगरमाथा (दक्षिण पूर्वी धार) नर्मल रुट | १५०,००० | ७५,००० | ३७,५०० |
| २ | सगरमाथा (दक्षिण पूर्वी धार बाहेक) | १००,००० | ५०,००० | २५,००० |
| ३ | सगरमाथा बाहेक ८,००० मिटर र सोभन्दा बढी उचाइ भएका अन्य हिमालचुली | ५०,००० | २५,००० | १२,५०० |
| ४ | ७,५०१ मिटरदेखि ८,००० मिटरसम्म उचाइ भएका हिमालचुली | ४०,००० | २०,००० | १०,००० |
| ५ | ७,००१ मिटरदेखि ७,५०० मिटरसम्म उचाइ भएका हिमालचुली | ३०,००० | १५,००० | ७,५०० |
| ६ | ६,५०१ मिटरदेखि ७,००० मिटरसम्म उचाइ भएका हिमालचुली | २५,००० | १२,५०० | ६,२५० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | आमादब्लम हिमालचुली | ४०,००० | २०,००० | १०,००० |
| ८ | ६,५०० मिटर वा सोभन्दा कम उचाइ भएका हिमालचुली | २०,००० | १०,००० | ५,००० |

<u>द्रष्टव्यः</u> (१) यो अनुसूचीको व्यवस्था संवत् २०८२ भदौ १६ (तदअनुसार सन् २०२५ सेप्टेम्बर १) देखि लागू हुनेछ ।

(२) यो अनुसूचीको व्यवस्था लागू नभएसम्मको लागि साविकको अनुसूची बमोजिमकै सलामी रकमको दर लागू हुनेछ।"

**आज्ञाले,**
**बिनोद प्रकाश सिंह**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner